# गढवा गाउँपालिका

गढवा देउखुरी, दाङ

लुम्बिनी प्रदेश, नेपाल

# गाउँसभाको एघारौं अधिवेशन

आ.व. २०७९/०८० को

# नीति तथा कार्यक्रम

२०७९ असार १० गते

"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार, समृद्ध गढवा गाउँपालिकाको आधार"

यस एघारौं गाउँसभाका उपाध्यक्ष ज्यू,

गाउँ सभाका सदस्य ज्यूहरू

उपस्थीत राष्ट्र सेवक कर्मचारीहरू

सर्वप्रथम स्थानीय तह सदस्य निर्वाचन २०७९ मा अमुल्य मतदान गरि हामीलाई जनप्रतिनिधिको रूपमा निर्वाचित गराउने सम्पूर्ण मतदाता प्रति हार्दिक आभार सहित उच्च सम्मान प्रकट गर्दछु ।

यस गढवा गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम यस गरिमामय एघारौं गाउँसभा समक्ष प्रस्तुत गरिरहदा यस नीति तथा कार्यक्रम मार्फत गढवा गाउँबासीको सामाजिक, आर्थिक, साँस्कृतिक विकास सहितको सहभागितामुलक, समानुपातिक, समावेशी र दिगो विकासमा टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु ।

राजनैतिक तथा सामाजिक परिवर्तनका साथै लोकतन्त्र, स्वतन्त्रता र सार्वभौमसत्ता प्राप्तीको लागि विभिन्न कालखण्डमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण शहिदहरू प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै शहिदहरूको सपना र मार्गदर्शन अनुरूप अगाडी बढ्ने प्रतिवद्धता व्यक्ति गर्दछु ।

नेपालको संविधानमा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकारहरू संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारहरूका सूचीमा रहेका व्यवस्थाहरूको कार्यान्वय गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको रहेको छ । जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त उपलब्धीलाई संस्थागत गर्न राज्य व्यवस्थामा आम नागरिकहरूको पहुँच स्थापित गर्दै जिवनस्तरमा सकारात्मक परिवर्तन गर्ने गरी शासन संचालनको दायित्व स्थानीय सरकारको रहेको छ ।

"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार, समृद्ध गढवा गाउँपालिकाको आधार" भन्ने नारालाई साकार पार्नका लागि प्राकृतिक रूपमा सुन्दर, आर्थिक, समाजिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण यस गढवा गाउँपालिकाको एघारौ गाउँसभामा आर्थिक वर्ष २०७९/०८० को

वार्षिक नीति तथा कार्यक्रममा उपस्थित हुनुभएकोमा सम्पूर्ण गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरूलाई हार्दिक धन्यबाद सहित स्वागत गर्न चाहन्छु ।

आदरणीय गाउँसभाका सदस्य ज्यूहरू,

आज हामी यस सम्मानित गरिमामय सभामा गढवा गाउँपालिकाको भावि योजना र मार्गचित्र कोर्नका निमित्त यहाँ उपस्थित भएका छौं ।

नेपालको संविधानको भाग १ को धारा ३ अन्तर्गत बहुजाती, बहुभाषिक, बहुधार्मिक, बहुसंस्कृतिक विशेषतायुक्त भौगोलिक विविधतामा रहेका समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रहि एकताको सुत्रमा आवद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो भन्ने मर्मलाई सम्मान साथ आत्मसाथ गर्दै हामी आज यो अवस्थामा आईपुगेका छौं ।

अघिल्लो कार्यकालका निर्वाचित पदाधिकारी एवं कर्मचारीहरूको अथक प्रयासबाट गाउँपालिकामा गर्दै आएको सेवा प्रवाह लगायतको काम कारवाहीबाट थप उत्साहित हुदै हामीलाई आजको यो दिनमा गढवा गाउँपालिकाको समग्र विकासका लागि अगाडि बढ्न प्रेरणा मिलेको छ ।

आकांक्षाहरू धेरै तर श्रोत साधनको सिमितताका बिच ती अपेक्षा पुरा गर्ने चनुौति हाम्रो काँधमा आइपरेको छ । एकातिर स्थानीय तहमा जनताको चाहना अनुसार जनताको घरदैलोमा स्थानीय स्तरमा सेवा सुविधा पुर्याउनु पर्ने साथै अर्कोतर्फ आर्थिक, सामाजिक, सांस्कृति, भौतिक पूर्वाधार लगायतका क्षेत्रको सन्तुलित, समानुपातिक एवं समावेशी विकासका माध्यमबाट समृद्धिको मार्गमा अघि बढ्नु पर्ने गहनतम जिम्मेवारी बहनको अवस्थामा विविधतामा एकताको भावनाका साथ अगाडी बढ्न गढवा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को लागि तयार पारिएको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभाका सदस्य ज्यूहरू,

"शिक्षा, स्वास्थ्य, कृषि र रोजगार, समृद्ध गढवा गाउँपालिकाको आधार" भन्ने नारालाई साकार पार्नको लागि यस आर्थिक बर्षको नीति तथा कार्यक्रमहरू निर्देशित हुनेछन ।

## १. नीति तथा कार्यक्रमहरू :-

### १.१ शिक्षा :

- यस गढवा गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा राष्ट्रिय मापदण्ड अनुसारको विद्यार्थी संख्या पुऱ्याउनका लागि निश्चित समय सिमा तोकीनेछ । उक्त मापदण्ड अनुसारको विद्यार्थी संख्य पुऱ्याउन नसक्ने विद्यालयहरूलाई नजिकको विद्यालयमा मर्ज गरिनेछ ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि प्रधानाध्यापकसंग कार्यसम्पादन करार गरिने छ भने विद्यालयमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसंग शिक्षकहरूको कार्यसम्पादन करार गरिने नीति अवलम्बन गरिने छ ।
- सरकारी विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरूका सन्ततिहरू सरकारी विद्यालयमै पढाउनुपर्ने नीति लिईनेछ ।
- विद्यालयमा स्वच्छ खानेपानी र सुरक्षित शौचालयको व्यवस्था गरिनेछ ।
- प्रत्येक विद्यालयमा गुणस्तरिय शिक्षाका लागि बालमैत्री युक्त वातावरण सिर्जना गरिनेछ ।
- प्रत्येक विद्यालयमा पुस्तकालय/बाचनालय, पठन सामाग्री, श्रव्यदृश्य सामाग्री आदीको व्यवस्था गरिनेछ ।
- विद्यालयको आफ्नै प्रसस्त जग्गा उपलब्ध भएका विद्यालयहरूमा बालबाटिका बगैचा निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।
- विद्यालमा सूचना तथा संचार प्रविधिमैत्री बनाइनेछ ।
- विद्यालयमा हरेक वर्ष विद्यालय बाहिर रहेका बालबालिकाहरू भित्र्याउन गाउँपालिकाको कार्यक्रममा आउट अफ स्कूल चिल्ड्रेन सर्भे कार्यक्रम राखी विद्यालय नजाने बालबालिकाहरूलाई वेय अफ ईन्सेन्टिभको व्यवस्था गरिनेछ ।
- फरक क्षमता भएका बालबालिकाहरूको जिल्ला भित्रका श्रोत कक्षाहरूमा पढाउने व्यवस्थागर्न सामाजिक संघ संस्थाको सहयोगमा संख्या एकिन गरि सिफारिस गरिनेछ र गाउँपालिकाबाट समेत छात्रबृत्तिको व्यवस्था गरी पढ्न पाउने अधिकारको सुनिश्चितता गरिनेछ ।
- समुदायमा रहेका लागु औषध दुर्व्यसनी तथा सडक बालबालिकाको खोजी गरि सुधार गृहमा पठाउन स्थानीय सरकारबाट पहल गरिनेछ ।
- सरकारी विद्यालयमा अंग्रेजी माध्यमबाट समेत पठन पाठनको शुरूवात गरिनेछ ।
- गढवा बहुमुखी क्याम्पसको उचित व्यवस्थापन गर्ने नीति लिईनेछ ।

- उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययनमा विपन्न, अल्पसंख्यक तथा सिमान्तकृत समुदायका विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- अनाथ, असहाय बालबालिकाहरूको शिक्षाको लागि विशेष छात्रबृत्तिको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र एउटा विद्यालयलाई नमुना स्कूलका रूपमा विकास गरिनेछ । जहाँ सबै खालका सुविधाहरू पर्याप्त मात्रामा उपलब्ध हुनुका साथै अत्याधुनिक सिकाई प्रविधि लागु गरिनेछ र यो कार्यक्रमलाई क्रमश विस्तार गर्दै लगिनेछ ।
- प्राविधिक धारको शिक्षामा खासगरि अतिविपन्न परिवारका छात्रछात्रालाई विशेष छात्रबृत्ति प्रदान गरिनेछ ।
- विद्यालयहरूमा शिक्षक तथा विद्यार्थीहरू दुबैका लागि प्रभावकारी आचारसंहीता बनाई लागु गरिनेछ ।
- विद्यालयमा तह अनुसार आई सि टी, विज्ञान प्रयोगशाला, पुस्तकालय, शैक्षिक मनोरञ्जन जस्ता विषयबस्तुहरूको व्यवस्थापन गरिनेछ ।
- प्रत्येक विद्यालयमा वर्षमा कम्तिमा दुई पटक अभिभावक भेला गर्ने र विद्यार्थीको प्रगति समिक्षा गर्ने वातावरण तयार गरिनेछ ।
- विद्यालयका प्रत्येक शिक्षकहरूलाई वर्षमा कम्तिमा (आफ्नै विद्यालयमा) एक पटक शैक्षिक शत्रको सुरूमा (बैशाख १ देखि १५ सम्म) पाठ्यक्रम प्रबोधिकरण, बार्षिक शैक्षिक योजना निर्माण, शैक्षिक सामाग्री निर्माण आदि विषयमा कार्यशाला गोष्ठिको आयोजना गरिनेछ ।
- प्रत्येक शैक्षिक शत्रको अन्तमा विद्यालयमा शैक्षिक उपलब्धि, नतिजा विश्लेषण र आगामी शैक्षिक शत्रको लक्ष्य निर्धारण गर्न एक अनिवार्य कार्यक्रमको आयोजना गरिनेछ ।
- शिक्षकहरूको कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्न तथा बढुवा घटुवा ( ग्रेड घटुवा, ग्रेड रोक्का) समेतको सिफारिस सम्बन्धीत निकायमा गरिनेछ ।
- विद्यार्थीको पढाईलाई ध्यानमा राखी विषयानुसार बाह्य श्रोत व्यक्तिको व्यवस्था गरि सम्बन्धीत विषयमा अनुभवी व्यक्तिहरूको (डाक्टर, कृषक, ईन्जिनियर, प्रहरी, वनपाले) शिक्षण व्यवस्थालाई बढवा दिईनेछ ।
- वडा तहमा वडा शिक्षा समिति गठन गरि समितिबाट आ-आफ्नो क्षेत्रमा पर्ने विद्यालयहरूमा हप्तामा कम्तिमा एक दिन निरिक्षण तथा अनुगमन गरिने व्यवस्था गरिनेछ ।
- शिक्षा शाखाका कर्मचारी तथा पालिका भित्र कार्यरत शिक्षकहरूको एक विषयगत विज्ञ समिति गठन गरि नियमित निरिक्षण र कक्षा सुपरिवेक्षणको तालिका वनाई विद्यालय निरिक्षणलाई व्यवस्थित गर्नुको साथै आवश्यक परेमा नमूना कक्षा प्रर्दशनको व्यवस्था गरिनेछ ।

- प्रत्येक विद्यालयमा वि.व्य.स. ले गरेको वर्षभरिको आर्थिक कार्यक्रमलाई सामाजिक परिक्षण समितिबाट अनिवार्य परिक्षण, अनुमोदनको व्यवस्था गरि अभिभावक भेलामा सार्वजनिक गर्ने नीति अबलम्बन गरिनेछ ।
- प्रत्येक वर्ष सबै विद्यालयहरूको वार्षिक परिक्षा कार्यक्रम पश्चात गाउँपालिकामा विद्यालय प्रगति प्रोफाईल संकलन गरि सबै तहको कक्षागत र विषयगत उपलब्धीको विश्लेषण गरिनेछ । साथै उत्कृष्ट नतिजाका आधारमा शिक्षक तथा विद्यालयहरूलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।
- हाल सामुदायिक विद्यालयमा कार्यरत बाल बिकास केन्द्र सहजकर्ता र विद्यालय कर्मचारीहरूको पारीश्रमिकमा बृद्धि गरिनेछ।
- सबै सामुदायिक विद्यालयहरूलाई सूचना तथा प्रविधि मैत्री बनाइनेछ।
- शिक्षकहरूको कार्यसम्पादनलाई विद्यालयका हरेक कक्षाका विद्यार्थीले हासिल गरेको नतिजासँग आवद्ध गरी पुरस्कारको व्यवस्था गरिनेछ।
- विद्यालय क्षेत्रलाई बालमैत्री तथा शान्ति एवम सबै प्रकारका विभेदमुक्त क्षेत्रको रूपमा विकास गरी छात्रवृत्ति र पोषण कार्यक्रमलाई प्राथामिकता दिईनेछ ।
- शैक्षिक प्रशासनमा निरन्तर सुधार तथा गुणस्तर र सुशासनलाई संस्थागत गर्न नियमित रूपमा विद्यालय अनुगमन गरी सुचक सहितको मुल्याङ्कन पद्धतिको विकास गरिनेछ ।
- सबै प्रकारका शैक्षिक संस्थाहरूको भौतिक अवस्थामा सुधार गरिनेछ ।
- गढवा गाउँपालिका भित्रका संस्थागत विद्यालयहरूलाई व्यवस्थापन गर्न निश्चित मापदण्ड बनाई लागु गरिनेछ ।

१.२. कृषि तथा पशुपालनः-

- कृषि उपज संकलन केन्द्रको स्थापनाका साथै कृषि उपज भण्डारणका लागि शीत भण्डार निर्माण गरिनेछ।
- माटो परिक्षणको व्यवस्था गरि माटो अनुसारको बाली लगाउनका लागि किसानहरूलाई निःशुल्क परामर्शको व्यवस्था गरिनेछ साथै माटोको अवस्था पहिचान गर्न तथा माटो उपचार गर्न माटो प्रबर्द्धन कार्यक्रमहरू संचालन गरिनेछ ।
- करार खेति कार्यक्रमलाई स्थानीय स्तरमा कार्यान्वयनमा ल्याउनका लागि पहल गरिनेछ ।
- महिनाको कम्तीमा १ पटक लाग्ने गरि कृषि उपज हाटबजार सुचारू गरिनेछ ।

- एक वडा एक उत्पादन कार्यक्रम अगाडि बढाईनेछ साथै गाउँपालिकालाई एक घर एक करेसाबारी अभियानका लागि उन्नत तरकारी विउ निःशुल्क वितरण गरिनेछ ।
- प्रदेश तथा संघीय सरकारसँग समन्वय गरि मल, विउ विजन लगायतका कृषि सामाग्रीको समयमै पर्याप्त उपलब्धता सुनिश्चित गरिनेछ ।
- कृषि उत्पादनका लागि सिचाई गर्दा डिप बोरिङ्गमा लाग्ने विद्युत महसुलमा अनुदानको व्यवस्था गरि कृषि उत्पादनमा लाग्न प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक तथा आधुनिक खेती गर्न चाहने अति विपन्न कृषक, उद्यमी, कृषि समुह, कृषि सहकारीहरूलाई अनुदानमा विउ तथा कृषि औजार उपलब्ध गराउनुका साथै प्राविधिक सेवा उपलब्ध गराईनेछ ।
- निश्चित मापदण्ड निर्माण गरि कृषकहरूबाट कृषक आईडल छनौट गरि सम्मान गर्ने व्यवस्था मिलाईनेछ ।
- कृषि विकास कार्यक्रमका लागि सरकारी, सहकारी र गैरसरकारी संस्थासँगको साझेदारी अवधारणा अनुसार कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकालाई विउ विजनमा आत्मनिर्भर बनाउनका लागि खाद्यन्न बालीको विउ उत्पादनका लागि पालिका भित्रका कृषि समुह र सहकारीहरूलाई प्रोत्साहन गरिनेछ ।
- कृषकहरूलाई समयमा मौसमी तथा बेमौसमी विउ विजनहरू अनुदानमा उपलब्ध गराउन उन्नत तथा हाईब्रिड तरकारीको विउ विजन वितरण गरिनेछ ।
- आकस्मिक प्रकोपहरूबाट हुने बाली नोक्सानीको जोखिम कम गर्न कृषकहरूलाई बाली विमा गर्न तर्फ उन्मुख गराईनेछ ।
- स्थानीय उत्पादनलाई गुणस्तरिय ब्राण्डीङ, लेबलिङ, प्याकेजिङ जस्ता कार्यलाई प्रबर्द्धन गर्न जोड दिईनेछ ।
- रासायनिक मलको आपूर्ति कम भईरहेको बेला प्राङ्गारिक मलको उत्पादन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- कृषकहरूलाई उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ ।
- सिचाई सुबिधा विस्तारका लागि आवश्यक स्थानमा डिप बोरिङ्ग तथा सम्भावित स्थानमा कृत्रिम जलाशय निर्माण गरिनेछ ।
- यस गाउँपालिकालाई कृषि तथा पशुजन्य बस्तु उत्पादनमा आत्मनिर्भर बनाउन आवश्यक कदम चालिनेछ ।
- कृषिमा व्यवसायीकरण गर्न चक्लाबन्दी खेती प्रणालीलाई प्राथमिकता दिइने छ ।

- तरकारी खेति कृषकलाई किटनासक औषधि, बिउ बिजन जग्गाको आधारमा अनुदानको ब्यवस्था गरिनेछ।
- पानी संरक्षण प्रविधि जस्तै: थोपा सिंचाई, मल्चिङ आदिलाई जोड दिइनेछ ।
- कृषि योग्य बाँझो जग्गालाई कृषि कार्यमा प्रयोग गर्नको लागि कृषकहरूलाई अनुदानको ब्यवस्था गरिनेछ ।
- अर्गानिक खेती गर्ने किसानलाई प्रोत्साहन गरिने छ ।
- पशु आहार व्यवस्थापनका लागि कृषकको मागको आधारमा घाँसको विउ तथा सेट्स अनुदानमा उपलब्ध गराईनेछ साथै गाउँपालिका भित्र घाँस उत्पादन केन्द्र स्थापना र प्रवर्द्धन गरिने छ।
- पशुजन्य उत्पादन बृद्धिको लागि नश्ल सुधार, कृतिम गर्भाधारण कार्यक्रमलाई व्यवस्थित गर्दै लगिनेछ ।
- गाई, भैसीं, भेडा, बाख्रा र बंगुरको खोर सुधार कार्यको लागि अनुदानमा कार्यक्रमहरू संचालन गरिनेछ ।
- पशु बिमा, स्वस्थ मासु उत्पादन, जुनोटिग रोग (रेबिज, बर्ड फ्लु, स्वाईन फ्लु र एन्थ्राक्स जस्ता रोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- पशुपालक कृषकलाई पशुजन्य औषधी तथा भ्याक्सिन सेवा सहजरूपमा उपलब्ध गराईनेछ ।
- छाडा पशु चौपाया नियन्त्रणको लागि गौशाला व्यवस्थापनमा उचित कार्यक्रम संचालन गरिनेछ ।
- साना माछा पालक किसानहरूका लागि माछाका भुरा खरिदमा अनुदान दिईनेछ ।
- पशुपालन व्यवसायलाई टेवा पुऱ्याउनका लागि व्यवसायिक सिपमुलक (भेडाबाख्रा, गाईभैसी, बंगुर सुंगुर र कुखुरा) पालन तालिमको व्यवस्था गरिनेछ ।
- यस गा.पा.मा उन्नत जातको पशुपालनलाई प्राथमिकता दिई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउदै दुग्धजन्य उद्योग स्थापना, संचालन र व्यवस्थापनका माध्यमबाट स्थानीय रोजगारी श्रृजना र निर्यात वृद्धि नीतिको अवलम्वन गरिनेछ ।
- दुध उत्पादक कृषकको लागि अनुदानमा मिल्क क्यानको व्यवस्थापन गरिनेछ ।
- पशु बिमा कार्यक्रमलाई प्रभावकारी बनाउने, पशु बिमा सम्बन्धी सचेतनामुलक कार्यक्रमहरू

सञ्चालन गरिनेछ ।

१.३ स्वास्थ्य :-

- आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक अधिकार भएकाले विभिन्न उपचारात्मक प्रबर्न्धनात्मक, प्रतिकारात्मक, पुनस्थापनात्मक तथा प्राथमिक स्याहारका कार्यक्रमहरू संचालन गर्ने नीति अवलम्बन गरिने छ ।
- आँखा अस्पताल लमहीसँग साझेदारीमा आँखा उज्यालो कार्यक्रम मोतिविन्दु निःशुल्क उपचार गरिनेछ ।
- स्वास्थ्य शिविर संचालन गरी सम्भावित जटिल रोगको समेत पहिचान र निदानमा सहयोग पुऱ्याईनेछ ।
- ९८ प्रकारका औषधिको प्रयाप्तता सुनिश्चित गरि जनस्तरसम्म निशुल्क वितरण गरिनेछ ।
- सर्पदशं उपचार केन्द्रमा एम.वि.वि.एस डाक्टरद्वारा सेवा प्रदान गरिने ब्यवस्थाको पहल गरिनेछ।
- प्रत्येक बर्थिङ सेन्टरमा भिडियो एक्स रे सेवा उपलब्ध गराईनेछ ।
- प्रत्येक वडामा दिर्घरोगी तथा प्राणघातक रोग लागेका नागरिकहरूको तथ्याकं संकलन गरि सेवाको लागि कार्ययोजना निर्माण गरिनेछ ।
- प्रत्येक वडामा रहेका स्वास्थ्य संस्था मार्फत सुरक्षित मातृत्व, बालपोषण, खोप जस्ता कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।
- अतिविपन्न परिवारहरूका लागि परिचय पत्र वितरण गरि परिचय पत्रका आधारमा निःशुल्क उपचारको व्यवस्था मिलाईनेछ ।
- जेष्ठ नागरिकहरूलाई घरमै गई निःशुल्क स्वास्थ्य परिक्षण गरिनेछ ।
- गढवा स्वास्थ्य चौकीमा आकस्मिक सेवा सुचारू गरिनेछ साथै निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको अस्पताल निर्माण कार्यलाई तिव्रता दिईनेछ ।
- स्वास्थमा जटिल रोगका लागि प्रदान गरिदै आएको उपचार सहयोगलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य चौकिका भवनहरू सुविधा सम्पन्न बनाई भवन नभएको बडामा भवन निर्माण गरी आवश्यक सेवा प्रवाहलाई प्रभावकारी बनाइने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवामा सबैका पहुँच पुराउन स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाई अति विपन्न नागरिकको निःशुल्क विमा गरिने छ ।
- आकष्मिक महामारी रोगहरू नियन्त्रण सहित सुलभ र सहज स्वास्थ्य सेवा प्रवाहका लागी कोष खडा गरी परिचालन गरिनेछ।

- महिला स्वास्थ्य स्वयंसेविका, आमा समुहहरूलाई थप जिम्मेवार र उत्तरदायी बनाउन प्रोत्साहनको ब्यवस्था गरिने छ।
- गा.पा. का सवै बस्तीहरूमा एम्बुलेन्स सेवा संचालनको व्यवस्था मिलाईनेछ र कमजोर आर्थिक अवस्थाका अति विपन्न परीवारका सुत्केरी महिलाहरू र जटिल अवस्थाका कारण जिल्ला भित्रका अन्य अस्पतालमा प्रेषण गर्नु परेमा निःशुल्क एम्बुलेन्स सेवालाई प्रदान गरिनेछ ।
- गा.पा. बाट दिदै आएको सुत्केरी पोषण भत्तालाई निरन्तरता दिदै होमडेलिभरीलाई सुन्यतामा पुर्‍याइने छ ।
- सिकलसेल बारेमा जनचतेना जगाई न्यूनिकरण गर्ने नीति लिईनेछ ।
- आमा समूह तथा महिला स्वायंसेविका परिचालन गरी समदुाय स्तरमा स्वास्थ्यका कार्यक्रम गरिने छ ।
- गोवरडिहा आयुर्वेद औषधालयको स्तरउन्नती सहित व्यवस्थापन गरिनेछ साथै बैकल्पिक उपचारका लागि विभिन्न पद्धती, आर्युवेद, होमियोप्याथी, योग, प्राकृतिक चिकित्सा प्रणाली, अक्युपन्जर, अक्युप्रेसर आदीलाई एकिकृत रूपमा अगाडि बढाईनेछ ।
- आयुर्वेदको विकासमा जोड दिदै अन्य परम्परागत वैकल्पीक चिकित्स प्रणालीको समुचित प्रयोग गरी स्वास्थ्यको लागि सक्रिय जिवनको नारालाई अगाडी बढाईनेछ । योग शिविरलाई संस्थागत तथा स्वास्थ्य प्रणालीको सूचकको रूपमा ल्याईनेछ ।

१.४ योजना तथा पूर्वाधार :-

- लुम्बिनी प्रदेश सरकारको राजधानी गुरूयोजना अनुरूप पूर्वाधार विकास प्राधिकरण सँग समन्वय गरि सडक संजाल विस्तार गरिनेछ ।
- उज्यालो गढवा अभियान प्रभावकारी रूपमा संचालन गरिनेछ ।
- वजार उन्मुख क्षेत्रहरूमा सार्वजनिक जग्गा पहिचान गरी सार्वजनिक शौचालय निर्माण कार्य अघि बढाईनेछ ।
- गढवा गाउँपालिकामा अटो भिलेज निर्माणका लागि स्थान छनौट गरी कार्य अगाडी बढाइने छ ।
- गढवा बजारमा निशुल्क खानेपानीको धारा जडान गरिनेछ ।
- गढवालाई स्मार्ट सिटीको रूपमा विकास गर्नका लागि संघीय सरकार तथा प्रदेश सरकारसंग समन्वय गरी आवश्यक रणनीति तयार गरिनेछ ।

- निर्माणाधिन हुलाकी सडकको निर्माण कार्य तिव्रताका लागि हुलाकी सडक निर्देशनालय र सडक परियोजनासँग समन्वय गरिनेछ ।
- विद्युत सब स्टेसन निर्माणको लागि नेपाल विद्युत प्राधिकरणलाई जग्गा उपलब्ध गराउनका लागि आवश्यक पहल गरिनेछ ।
- गढवा गाउँपालिकाका हालसम्मका अधुरा तथा क्रमागत योजनाहरूलाई पहिलो प्राथमिकता दिइनेछ ।
- सडक गुरूयोजना तर्जुमा गरी सोको प्राथमिकता अनुसार सडक आयोजना निर्माण गर्न पहल गरिनेछ ।
- मुख्य मुख्य सडकहरूमा कालोपत्रे सुरू गरि अन्य सडकहरूको स्तरोन्नती गरिनेछ।
- खहरे खोलाहरूमा आवश्यक पर्ने ठाउँहरूमा कल्भर्ट, पुल, कच्वे निर्माण गरिनेछ ।

- आम उपभोक्ताको लागत सहभागितामा संरचना निर्माण कार्यमा १० प्रतिशत लागत सहभागिता हुने गरी योजना कार्यान्वयन गरिने छ ।
- उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष (डिजाइन, इष्टिमेट, मापदण्ड, मर्मत संभार आदि) र व्यवस्थापकीय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी बाँडफाड, रकम निकासा, कार्ययोजना, सार्वजनिक परीक्षण तथा फरफारक आदि) विषयमा व्यवस्थित रूपमा तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- अनुगमन कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन समितिका साथै जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित विस्तृत रूपमा स्थलगत अनुगमन तथा प्रगतिको लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ ।
- आयोजनाको सञ्चालनको अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज संस्थाको सहजीकरणमा सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारिता र जवाफ देहीता अभिवृद्धि गरिनेछ ।
- टोल विकास संस्था तथा स्थानीय समुदायको सहभागितामा सडक अधिकार क्षेत्रको अतिक्रमण हटाई सडक सुरक्षा गरी आवतजावत सुचारू गरिनेछ ।
- पूर्वाधार विकास सम्बन्धी आयोजना निर्माण गर्दा आयोजनाको सञ्चालन मितव्ययी हुने, लागत सहभागिता तथा प्रभावकारिता वृद्धिको सुनिश्चितता हुने अवस्थामा पूर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समूह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक वन तथा उपभोक्ता समिति र गैर सरकारी संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्थापन गरिनेछ ।
- पूर्वाधारतर्फ वडा र गाउँपालिका स्तरमा गौरवका आयोजनाको रूपमा कम्तीमा १/१ वटा

योजना संचालन गरिने छ।

- कोईलाबास भन्सार नाका संचालनका लागि नेपाल सरकार/प्रदेश सरकार सँग आवश्यक पूर्वाधार निर्माण गर्न पहल गरिइनेछ।
- १ लाख भन्दा कम लागत लाग्ने मर्मत संभार प्रकारका योजनाहरूका लागि मर्मत संभार कोष स्थापना गरि सोही कोषबाट खर्च गर्नेगरि कार्यान्वियन गरिनेछ ।
- गाउँकार्यपालिका कार्यालय परिसरलाई व्यवस्थित र सुरक्षित गराउनका लागि आवश्यक संरचना निर्माण गरिनेछ ।
- सुरक्षा निकायसँग समन्वय गरि प्रहरी विट आवश्यक थप स्थानमा प्रहरी विट राख्न पहल गरिनेछ ।
- गढवा गाउँपालिका भित्रका मुख्य मुख्य स्थानमा दुरी जानकारी बोर्डको स्थापना गरिनेछ ।

## १.५ सेवा प्रवाह, सुशासन र संस्थागत विकास :-

- "सेवाप्रदायकको मुस्कान सहितको सेवा : सेवाग्राहीलाई पुग्छ भरपुर टेवा ।" भन्ने भावनालाई आत्मसाथ गर्दै सबै प्रकारका समुदाय तह र क्षमता भएका व्यक्तिलाई कुनै विभेद नगरी सेवा प्रवाह गरिने छ ।
- नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षणबाट प्राप्त सुझावलाई सेवा प्रवाहमा सुधारको सूचकको रूपमा विकास गरिने छ ।
- हाल बैंकिङ प्रणालीबाट प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्तालाई अझ प्रभावकारी बनाइने
छ ।
- पालिकालाई सूचना प्रविधि मैत्री, अपांगता मैत्री, जेष्ठ नागरिक मैत्री बनाउने गरी कार्यक्रमहरू संचालन गरिने छ ।
- गढवा गाउँपालिकाबाट संचालित योजनाहरूलाई प्रभावकारी रूपमा अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिने छ ।
- सेवा प्रबाहमा सुशासन कायम गरि भ्रष्टाचार मुक्त गढवा गाउँपालिका निर्माणको खाका तयार गरिनेछ ।
- गाउँपालिका, वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरूमा अनिवार्य रूपमा कार्यालय परिसर भित्र प्रस्ट देखिने स्थानमा कार्यालयबाट प्रदान गरिने सेवा, उक्त सेवा प्राप्त गर्नका लागि आवश्यक पर्ने कागजातहरू खुलाएर जानकारी बोर्डहरू (नागरिक बडापत्र) राखिनेछ ।

- सेवा प्रबाहमा सुशासनलाई व्यबहारिक रूपमा कार्यान्वयनमा ल्याउनका लागि प्रत्येक वर्ष ३ जना उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादन मूल्याङ्कनका आधारमा पुरस्कृत गर्ने र तोकिएको कार्यसम्पादन वा जिम्मेवारी पुरा नगर्ने कर्मचारीहरूलाई कार्बाही गरिनेछ ।
- कर्मचारी, जनप्रतिनिधि र गढवा गाउँपालिका अर्न्तगतका सहकारीहरूको क्षमता विकास सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।
- कार्यसञ्चालन र प्रशासनिक कार्यलाई छिटो, छरितो, प्रभावकारी, पहुँचयोग्य, पारदर्शी, भ्रष्टचारमुक्त, जनमैत्री र नतिजामूलक बनाई सुशासन स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिकाको संस्थागत क्षमता विकास गर्न निर्वाचित जनप्रतितिधि तथा नव समायोजित कर्मचारीहरूका लागि अभिमुखिकरण, तालिम, गोष्ठी अध्ययन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सबै कर्मचारीहरूलाई कार्यविवरण तथा कार्यसम्पादन संझौता गरिने छ ।
- कार्यसम्पादनको कार्य प्रगति, समस्या, चुनौती र समाधान सहितको विषयमा नियमित मासिक बैठकमा राख्ने प्रकृयालाई नियमित कार्यान्वयन गरिने छ ।
- आम नागरिकहरूसँग सरोकार राख्ने आधारभूत वस्तु तथा सेवाको यथोचित मूल्य, आपूर्ति र गुणस्तर कायम गर्न स्थानीय बजार व्यवस्थापन प्रभावकारी अनुगमन गरिने छ ।
- गुनासो सुन्ने अधिकारी र सुचना अधिकारी (पालिका, वडा, स्वास्थ्य संस्था, विद्यालय आदिमा) द्वारा गुनासो सुन्ने सम्बोधन गर्ने व्यवस्था मिलाइने छ ।
- कार्यालयहरूमा कर्मचारी अभावमा र कार्यालयको कामको चापको समयमा अतिरिक्त समयमा कामकाज गर्ने कर्मचारीहरूलाई प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- प्रत्येक शाखाको कार्यविवरण र कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- प्रत्येक वर्ष कार्यविधि वनाई सेवा ग्राहीको सन्तुष्टि मापन गरिनेछ ।
- विद्युतीय हाजिरी, विद्युतीय नागरिक वडा-पत्र, मोवाईल SMS प्रणाली, नागरिक SMS प्रणाली, एल.ई.डि डिस्प्ले र उच्च क्षमताको नेट जडान गरी सूचना प्रविधि मैत्री गाउँपालिका निर्माणमा निरन्तरता दिइने छ।
- पारदर्शिता र जवाहदेहिता पर्व्रद्धन गर्न सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, जस्ता विधि उपयोग गर्दै वित्तीय अनुशासन कायम गरिने छ।
- दर्ता भएका सामाजिक संघ संस्थाहरूलाई परिचालन गरी विभिन्न किसिमका कार्यक्रमहरू

संचालन गरिने छ ।

- गाउँपालिकामा हुने वेरूजुलाई न्यूनीकरण गर्दै लगिने छ ।
- पालिकाद्वारा प्रत्येक ४/४ महिनामा आफ्नो सेवा प्रवाहको विषयमा सार्वजनिक सुनुवाई गरिईनेछ ।

१.६ खानेपानी तथा सरसफाई :-

- गाउँपालिका स्तरिय खानेपानी तथा सरसफाई स्वच्छता समितिको सक्रियतामा खानेपानी तथा सरसफाई सम्बन्धी आवश्यक कार्ययोजना तयार पारी खानेपानीको स्वच्छता र स्वच्छ खानेपानीमा जनताको पहुँच सम्बन्धमा आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापनका लागि वडा नम्बर १ र वडा नम्बर ५ मा डम्पिङ साईटको उचित व्यवस्थापन गरिनेछ ।
- फोहोरमैला बर्गिकरण र फोहोरमैलाको दिगो व्यवस्थापनका लागि टोल विकास संस्था र खानेपानी सरसफाई उपभोक्ता समितिबाट गर्नेगरी कार्ययोजना तयार पारिनेछ ।
- अति विपन्न परिवार तथा समुदायलाई खानेपानीको न्युनतम महशुल निशुल्क गर्न पहल गरिनेछ ।
- सबै घरमा स्वच्छ खानेपानी तथा सरसफाई सेवा सुबिधाको उपलब्धता गराउन आवश्यक कदम चालिनेछ ।
- सबै क्षेत्रमा ट्युबेलको पानी परीक्षण गरिनेछ ।
- गाउँपालिका भरी खानेपानी तथा सरसफाई उपभोक्ता समितिद्वारा वितरण गरिने पानीको महसुलमा एकरूपता ल्याइने छ ।
- जलवायु अनुकूलन आयोजनाको निमार्ण, जलधार क्षेत्रको संरक्षण, परम्परागत स्रोतको संरक्षण जस्ता कार्यलाई प्राथमिकता दिइने छ।
- खानेपानी र अन्य प्रयोजनको लागी पानीको विवेकशिल प्रयोगको निम्ति जनचेतना अभिवृद्धि गरिने छ ।
- पूर्ण सरसफाईको अभियानका कार्यक्रम संचालन गरिने छ ।
- सार्वजनिक शौचालय, पर्यटकीय स्थल, पिकनिक पार्कहरू, धार्मिक क्षेत्रहरूको पूर्ण सरसफाई क्षेत्रको रूपमा विस्तार गरिने छ ।
- मासिक रूपमा एक पटक प्रत्येक टोलमा टोल विकास संस्था मार्फत सरसफाई अभियान

संचालन गरिने छ ।

१.७ सिचाई तथा नदी नियन्त्रण :-

- बड्कापथ सिचाई आयोजनाको निमार्ण कार्यलाई यथाशिघ्र सम्पन्न गरि सिचाईको व्यवस्था गरिनेछ।
- खेती योग्य सिचाई नभएको जमिनमा सिचाईको उचित व्यवस्थापन गरिने छ ।
- दङ्गालीछाप कुलो लगायतका सिचाई योजनाहरू मार्फत खेतीयोग्य जमिनमा सिचाई सुबिधा उपलब्ध गराउनका लागि आवश्यक मर्मत सम्भारको व्यवस्था गरिनेछ ।
- स्यालो ट्युबेल तथा डिप ट्यूबेल जोडीएका स्थानमा आवश्यक्ता अनुसार तार पोल मोटरको व्यवस्था गरि यथाशिघ्र संचालनमा ल्याईनेछ ।
- जिर्ण कुलो तथा नहरहरूको मर्मत संम्भार तथा ब्यवस्थापन गरिने छ।
- पालिकाको दक्षिणी चुरे क्षेत्रको जलधारको सरंक्षण गरी सिचाइमा सदुपयोग गरिने छ।
- राप्ती नदि तथा खहरे खोलाहरूमा तटबन्धन गरि नदि कटान नियन्त्रण गरिनेछ ।
- राप्ती नदी खहरे खोला नियन्त्रणका लागि केन्द्र तथा प्रदेश सरकारसंग सहकार्यमा नियन्त्रण तथा रोकथामको कार्यक्रम ल्याइने छ ।

१.८ भूमि व्यवस्थापन, व्यवस्थित बसोवास र भवन निर्माण :

- खेतियोग्य जमिन खण्डीकरण गर्न रोकी जग्गालाई आवास क्षेत्र र कृषि क्षेत्रमा बर्गिकरण गरि खेतियोग्य जग्गालाई उत्पादनमा मात्र प्रयोग गर्ने नीति लिईनेछ ।
- सार्वजनिक जग्गा, ऐलानी, प्रति जग्गा र नदि नियन्त्रणबाट प्राप्त जमिनको अभिलेख तयार गरी बैज्ञानिक प्रयोग संरक्षण र खुल्ला क्षेत्रको रूपमा विकास गरिने छ ।
- बास्तविक भूमिहिन, सुकुम्बासी, मुक्तक कमैया र अव्यवस्थित बसोबासीहरूको लगत तयार पारेर नेपाल सरकारको कार्यक्रम अनुसार लालपूर्जा वितरण कार्यक्रम प्रभावकारी रूपमा अगाडी बढाईनेछ ।
- गाउँपालिकाको भू-उपयोग योजना मार्फत जग्गाको एकिकरण गरि व्यवस्थित बस्ती विकास योजना अगाडि सारिनेछ ।
- बड्कापथ सिचाई आयोजना निर्माणको क्रममा आयोजना प्रभावित जग्गाधनिहरूलाई उचित व्यवस्थापन गरिनेछ ।
- भवन निर्माण आचार संहिता र मापदण्डलाई कार्यान्वयनमा जोड दिईनेछ।
- बाँध, तटबन्ध, स्पर तथा नालाको निर्माण गरी जोखिममा रहेका वस्तीहरूको संरक्षण र

सुरक्षाको व्यवस्था गर्न पहल गरिनेछ ।

## १.९ संस्कृति तथा पर्यटन :

- आन्तरिक पर्यटन प्रबर्द्धन गर्न धार्मिक ऐतिहासिक, पुरातात्विक र सांकृतिक क्षेत्रको पहिचान गरी विकास योजना अगाडी सारिनेछ ।
- कुमाल समुदायको परम्परागत माटोको भाँडा बनाउने सिपलाई आधुनिकीकरण तथा व्यवसायीकरण गरिनेछ ।
- थारू जातिको कलात्मक ढंगले बनाईने ढकिया, मैना, डेलवा, वेना, घुनघुना कोहवर (भित्ते चित्र), जातीय भेषभुषा र परम्परागत गहनाहरूको संरक्षण तथा सम्बर्द्धनको कार्यक्रम संचालन गरिनेछ ।
- कोइलाबासको राम जानकी मन्दिर, कुलपानी, धानखोला, जगंलकुटी, कोटही, कालि मन्दिर, हँसेश्वर मन्दिर, सुकेदहवा मन्दिर सालभ्कुण्डी, कन्दरा मन्दिर, कोटियामाई मन्दिर लगाएत धार्मिक तथा पर्यटकिय हिसाबले महत्वपूर्ण मानिने यस क्षेत्रका ऐतिहासिक साँस्कृतिक र पुरातात्विक महत्वका स्थलहरूको विकास तथा संरक्षण प्रर्वद्धनको नीति लिईनेछ ।
- मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च तथा मण्डली साथसाथै नदि तालतलैयाहरूको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- ग्रामिण होमस्टे संचालनका लागि संभाव्यता अध्ययन गरिने छ ।
- पर्यटन विकासका लागि पिकनिक स्थल, पार्क आदिको निमार्ण गरिनेछ ।
- संघ, प्रदेश र स्थानीय तह सँगको साभ्केदारीमा एकिकृत साँस्कृतिक संग्राहलय स्थापना गर्न पहल गरिनेछ।

## १.१० बन, वतावरण तथा विपद् ब्यवस्थापन :

- जीविकोर्पाजनको लागि वनको अवधारणालाई सार्थक तुल्याउन यस क्षेत्रमा रहेका सामुदायिक वनसंग सहकार्यमा जीविकोपार्जन सुधार कार्यक्रम संचालन गरिने छ ।
- हरीयाली तथा वातावरण मैत्री विकासलाई निरन्तरता दिई हरियाली सडक प्रवर्द्धन कार्यलाई अगाडी बढाइने छ ।
- रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली र जोखिम नक्सा तथा बाढि विश्लेषण जस्ता विधिहरूको प्रयोग गरि प्रकोप नियन्त्रण कार्यलाई प्रभावकारी बनाईनेछ।

- विपद् व्यवस्थापनका सम्पूर्ण कार्यहरू योजनागत रूपले अगाडी बढाइने छ ।
- जलवायु परिवर्तन अनुकुलताका कार्यक्रम संचालन गरिने छ ।
- फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल साईटको दिगो व्यवस्थापन गर्दै फोहोर बर्गिकरण गरि पुनः प्रयोगको सिद्धान्त अबलम्बन गरिनेछ ।
- सामुदायिक वन तथा राष्ट्रिय वनमा भैरहेको वनविनास रोक्न आवश्यक नीति लिइने छ ।
- हरित शहर निर्माणमा जोड दिदै निर्माण हुने सडकको दुई तर्फ हरियाली प्रर्बद्धन कार्यक्रम संचालन गरिनेछ ।
- नदिजन्य पदार्थको उत्खनन् तथा ठुला परियोजनाहरूको निर्माण कार्य अगाडि प्रारम्भिक वातावरणिय प्रभाब परिक्षण अनिवार्य गरिनेछ ।
- नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) को दोहन, चोरी निकासी नियन्त्रण गर्नका लागि विशेष नीति तथा संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वियन गरिने छ ।
- स्थानीय अपत्कालीन सेवा केन्द्र स्थापना गरी विपद्को सूचना प्राप्त गर्ने पद्धति सुचारू गरिनेछ ।
- विपद सम्बन्धमा प्रारम्भिक लेखाजोखा सर्वेक्षण गरिनेछ ।
- विपदका घटनाहरूमा खोज तथा उद्दार सामाग्री तथा व्यवस्थापन र सुरक्षित स्थानको व्यवस्थापन गरिनेछ ।
- बाढी, आगलागी, सर्पदंश आदी विपदका घटनाहरूको पूर्व तयारी, पूर्व कार्य र आकस्मिक प्रतिकार्य योजनाका साथै सो सम्बन्धमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- राहत व्यवस्थापन तथा वितरण सम्बन्धी कोष स्थापना गरि सो को संचालनका लागि राहत व्यवस्थापन कोष संचालन कार्यविधि तयार गरि कार्यान्वियनमा ल्याईनेछ ।

## १.११ यूवा तथा खेलकुद

- खेलमैदान निर्माणका साथै युवाहरूलाई खेलप्रति आकर्षक गर्ने वातावरण सिर्जना गरिनेछ ।
- युवा नेतृत्व तथा क्षमता विकासका लागि युवा केन्द्रित कार्यक्रम बनाईनेछ ।
- वडा तथा टोलस्तरमा विभिन्न विधाका खेलकुद क्लबहरूलाई खेल आयोजनाका लागि प्रोत्साहन गर्न सहयोग गर्ने र दर्ता भएका क्लबहरूलाई संस्थागत विकासमा सहयोग गरिनेछ ।
- लागु औषध दुर्व्यशनीलाई नियन्त्रण तथा निरूत्साहन गर्न स्थानीय युवा क्लबहरूसँग सहकार्यमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

- गाउँपालिकास्तरमा खेल मैदान, कभर्ड हल र पुस्तकालय निर्माण गर्न पहल गरिनेछ ।
- प्रदेश सँगको साझेदारीमा गढवा क्षेत्रलाई पहिचान दिन सक्ने व्यवस्थित र आधुनिक खेलकुद मैदानको निर्माण कार्यलाई अगाडी बढाईनेछ ।

## १.१२ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण :

- बाल अधिकार, बालश्रम, बालविबाह, लैगिंक हिंसा तथा मानव वेचविखन, सामाजिक विकृति, विसंगति, लागू औषध दुर्व्यसनि, कुरिती, अन्धविश्वास तथा कमजोर आत्मबलका विरूद्ध गाउँपालिकाद्वारा सचेतनामुलक कार्यक्रम समुदायस्तरमा पुऱ्याउन पहल गरिनेछ ।
- लक्षित वर्गहरूका लागि सिपमुलक तालिम संचालन गरि आय आर्जनका लागि प्रोत्साहन गरिनेछ ।
- गाउँकार्यपालिकाको कार्यालयलाई महिलामैत्री बनाउनका लागि स्तनपान कक्ष स्थापना गरिनेछ ।
- जेष्ठ नागरिकका लागि जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरि संचालन गर्न योजना बनाईनेछ ।
- स्थानीय स्तरमा उपलब्ध कच्चापदार्थबाट विभिन्न सजावटका सामाग्रीहरू निर्माण गर्ने तालिम प्रदान गरि स्थानीय व्यवसाय प्रर्बद्धनमा जोड दिईनेछ ।
- सरकारी सेवामा आर्कषण बढाउनका लागि लोकसेवा आयोग तयारी कक्षा, कम्प्युटर अपरेटर तयारी कक्षा जस्ता क्षमताविकास कार्यक्रमहरू संचालन गरिनेछ ।
- द्वन्द पिडित तथा मुक्त कमहलरीहरूको लागि सिपमुलक तालिम संचालन गरी आय आर्जनमा टेवा पुऱ्याईनेछ ।
- अपांगता भएका व्यक्तिहरूको बर्गिकरण मार्फत संजाल गठन गरी सिप, अवसर र सहायक सामग्रीमा सहयोग सम्वन्धि कार्यक्रम संचालन गरिने छ ।
- जेष्ठ नागरिक, अपांगता परिचय पत्र वितरण तथा सामाजिक सुरक्षामा आवद्धता लगायतका कार्यलाई घरदैलो अभियानै रूपमा संचालन गरिने नीति अवलम्बन गरिने छ ।
- सबै प्रकारका घरेलु हिंसाबाट महिलाहरूलाई न्याय दिलाईनेछ । घरेलु हिंसामा परेका महिलाहरूलाई सुरक्षा प्रदान गरी सहयता पुऱ्याउन सेफ हाउस (सुरक्षित आवस) लाई संचालनमा ल्याउन सघं सस्थाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- प्रत्येक वर्षमा २ वडाका दरले ४ वर्षमा ८ वडा र अन्तिम वर्षमा गाउँपालिका नै बालमैत्री घोषणा गरिने लक्ष्य लिईनेछ ।
- महिला हिंसा तथा घरेलु हिंसा पिडितहरूका लागि कानूनी परामर्शको व्यवस्था मिलाइनेछ ।

- ग र घ बर्गका अपांगता भएका व्यक्तिहरूलाई जिविर्कोपाजर्नका लागि तालिम तथा अनुदानको व्यवस्था गरिनेछ ।
- अपांग मैत्री भवन निर्माणमा जोड दिइनेछ ।
- थारू, अवधि र कुमाल, मगर समुदायको विविधता प्राचिनता झल्किने गरि एकिकृत सांस्कृतिक संग्रहालयको अवधारणा अगाडी सारिनेछ ।
- मानव वेचविखन तथा नाका क्षेत्रबाट हुने विभिन्न अपराधिक कृयाकलापहरू सम्बन्धमा आम सिमा क्षेत्रका बासीन्दाहरूलाई कानुनी सचेतना कार्यक्रम संचालनमा ल्याईनेछ ।
- आगामी दिनमा सरकारी सेवा प्रदायक कार्यालय निर्माण गर्दा अपाङ्गमैत्री तथा बालमैत्री भवन निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र हुने लैगिंक हिंसा न्यूनिकरणको लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ भने हिंसा पिडितका लागि शिघ्र न्याय निरूपण, पुनस्थार्पना र रोजगारका कार्यक्रम अगाडि बढाईनेछ ।
- लक्षित समुदायको परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासका लागि सम्बन्धित समुदायकै अग्रसरतामा विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्ति लगायत लक्षित व्यक्तिहरूको तथ्याङ्क नियमित रूपमा आवधिक गरिनेछ।।
- आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, मुस्लिम पिछडा वर्ग आदिका लागि प्रर्वद्धन कार्यक्रम मार्फत प्रोत्साहित गरिनेछ ।
- बाल अधिकार सम्बन्धि सचेतना अभिवृद्धि गराउने कार्यक्रमहरू संचालन गरिनेछ ।
- मुक्त कमैया तथा मुक्तक कमलहरीहरूलाई रोजगारका लागि सिपमुलक तालिमको ब्यवस्था गर्दै स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक वडामा आफ्ना विकास र निकासका गतिविधिहरूलाई जनतामाझ पुऱ्याउन एवं जनतालाई सुसुचित गर्न प्रत्येक वडामा कम्तिमा १ जना पत्रकार तयार गर्नेगरि पत्रकारिता तालिम संचालन गरिनेछ ।
- पालिकाभित्रका सम्पूर्ण शहिद तथा बेपत्ता परिवारलाई सम्मान कार्यक्रम गरिनेछ ।

१.१३ विद्युत

- बिद्युत क्षेत्रको समग्र समस्याहरूलाई एकीकृत रूपमा समाधान गर्ने गरी गा.पा. क्षेत्रमा बिद्युतको सब-स्टेशन निर्माण, क्षमता विकास र महशुल काउन्टर संचालनको पहल गरिनेछ।

- स्थानीय समुदाय तथा टोल विकास संस्था परिचालन गरी विद्यूत चोरी कार्यलाई निरूत्साहन गरिनेछ ।
- आवश्यक स्थानमा सडक बत्तिको व्यवस्था गरिनेछ ।
- हालसम्म विद्युत सुविधा नपुगेका बस्तीहरूमा विद्युत विस्तार गर्न पहल गरिनेछ ।

## १.१४ अर्थ तथा राजश्व

- "हाम्रो कर हाम्रै लागि" भन्ने अभिप्रायका साथ यस गाउँपालिकाको सम्बृद्धि र अति आवश्यक सेवा प्रवाहका लागि श्रोत जुटाउन आधारभूत करका दरहरूलाई यस वर्षमा यथावत राख्दै करको दायरा फराकिलो बनाउने नीति लिइएको छ ।
- नदिजन्य पदार्थको बैज्ञानिक व्यवस्थापनको नीति अबलम्बन गरि गाउँपालिकाको राजश्व बृद्धि गरिनेछ ।
- स्थानीय तहलाई प्रप्त अधिकार कार्यान्वियन गर्ने करदाता शिक्षा अभियान संचालनमा ल्याई उत्कृष्ट करदाताहरूलाई सम्मानको नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिका स्तरीय राजश्व प्रामर्श समितिले राजश्वका श्रोत, दर र दायरा अध्ययन विश्लेषण गरी दिईएका सुझाव एवम सिफारीस लाई गाउँपालिकाको राजश्व नीतिको आधारमा अवलम्बन गरिनेछ ।
- बेरूजु फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वियनमा लगिनेछ ।
- गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका अन्तरिक आयका श्रोतहरूको पहिचान तथा समुचित उपयोग गरी समयानुकुल आन्तरिक श्रोतको पहिचान गरी वृद्धि गरिदै लैजाने छ ।
- बैंक वित्तिय संस्था र गैरसरकारी संस्थाहरूलाई गा.पा. मा दर्ता गरी व्यवस्थीत तरिकाले संचालन गर्न नीति ल्याईनेछ ।
- साना घरेलु उद्योगहरूलाई प्रोत्साहन गर्दै ठूला उद्योगहरूलाई व्यवस्थापन गरी संचालनमा ल्याईनेछ ।
- व्यापारीहरूलाई कर बझुाउन सजिलो होस भन्ने हेतुले कर शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
- यस गा.पा संचालित ब्यापार ब्यवसाय उद्योगलाई दर्ता नभएका फर्मलाई उद्योग वाणिज्य संघको सहकार्यमा अनिवार्य रूपमा दर्ता गरी करको दायरामा ल्याइनेछ ।

- निजी क्षेत्रसँग समन्वय तथा सहकार्य गरी लगानी गर्न वातावरण बनाइनेछ ।
- गाँउपालिकालाई आन्तरिक श्रोतमै आत्मनिर्भर बनाउन थप राजश्वको श्रोतहरूको खोजी गरिने छ।
- गाँउपालिका भित्र रहेका सबै खाले व्यवसायहरूलाई करको दायरा भित्र ल्याउन व्यवसाय दर्तालाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।

१.१५ सूचना तथा प्रविधि

- सूचना प्रविधि प्रवर्द्धन गरी सेवा प्रवाह विद्युतीय प्रणालीमा आधारीत र चुस्त बनाईनेछ।
- गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा सुविधा, प्रगति विवरण सफल अभ्यास, सेवा प्रवाहको स्तर र नागरीक सन्तुष्टी सम्बन्धी सूचना तथा विवरण प्रकाशन र प्रसारणको लागी स्थानिय मिडियाको परिचालन गरीनेछ।
- जनप्रतिनिधि र र्कमचारीको क्षमता विद्धिको लागी ICT तालिम सञ्चालन गरिनेछ।
- सेवा चुस्त दुरूस्तको लागी बिभिन्न सफ्टवयेर जडान गरिनेछ।

१.१६ युवा, रोजगार तथा सहकारी

- श्रमसहकारी गठन र श्रमिकलाई रोजगारीको व्यवस्था गरिने छ ।
- सहकारी व्यवस्थापनका लागि नियमन कार्यलाई प्रभावकारी बनाइने छ ।
- संघीय सरकारले कार्यान्वयमा ल्याएको कोपोमिस सफ्टवेयरलाई प्रयोगमा ल्याइने छ ।
- गढवा गाउँपालिका भित्र रहेका सहकारी संस्था तथा सहकारी सन्जालको भूमिकालाई सकृय बनाइने छ ।
- “समृद्धिका लागि सहकारी” भन्ने मूल नारालाई आत्मसाथ गरी सहकारी गतिविधीलाई अगाडी बढाइने छ ।
- बेरोजगारहरूलाई सूचिकृत गरी राज्यले तोके बमोजिमको अधिकतम रोजगारी दिने प्रयास गरिने छ
- स्थानीय स्तरमा सहकारीका माध्यमबाट समेत उद्योगहरूको स्थापना गर्न र संचालन गर्न प्रोत्साहन गरिनेछ।

- “गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी” कार्यक्रम तयार गरि लागु गरिनेछ ।
- लघुउद्यम कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका थारू कुमाल जातीबाट संचालित सेरामिक्स उद्योग संचालनमा प्रोत्साहन गरिने छ ।
- युवाहरूलाई व्यवसायीक, सीपमलुक तालिम दिई आय आर्जन बृद्धि गर्ने कार्यक्रम बनाई लागु गरिनेछ ।
- युवाहरूलाई प्रोत्साहन गर्न लाई युवा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ।
- स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारको प्रत्याभुति गर्नका लागि कामका लागि पारिश्रमिक योजना संचालन गरि श्रममुलक योजना मार्फत सामाजिक विकास सँगै सामाजिक संरक्षणको प्रत्याभुति गराईनेछ ।
- युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना लागत साझेदारीमा आयोजना संचालन गरिनेछ ।
- गाउँपालिकाबाट संचालित संघ, प्रदेश र स्थानीय तहको विकास आयोजनामा सुचिकृत बेरोजगार व्यक्तिलाई कामका लगाउने व्यवस्था मिलाईनेछ ।
- स्थानीय स्तरमा रोजगार सृजना गर्नका लागि सरकारी, सहकारी र गैर सरकारी संस्थासँग सहकार्य गरि थप रोजगारी सिर्जना गरिनेछ ।
- बैदेशिक रोजगारबाट फर्किएका रोजगार गुमाएका युवाहरूलाई उद्यशिलता विकास गराउन विउ पुजि उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकाबाट सिर्जना हुने रोजगारीमा रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगारहरूलाई प्राथमिकता दिईनेछ ।
- सुरक्षित आप्रवासन, सामि परियोजना सँग सहकार्य गरि बैदेशिक रोजगारमा जाने र गएका व्यक्तिहरूलाई आवश्यक सेवा परामर्श उपलब्ध गराईनेछ ।
- युवा कृषि रोजगार कार्याक्रम संचालन गरिनेछ ।

१.१७ न्याय सम्पादन

- गाउँपालिकाको न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेका विषयमा न्याय सम्पादन गर्दा छिटो छरितो र प्रभावकारी विधी अपनाईने छ, यसकालागि इजलास कक्ष, उजुरी प्रशासक लगायत अन्य कर्मचारीहरूको व्यवस्था गरिने छ ।
- बडागत रूपमा मेलमिलाप कर्ता सूचीकृत गरी बडास्तरबाटै मेलमिलाप मार्फत विवादको समाधान गर्न जोड दिइने छ ।
- समयक्रम सँगै पुराना मेलमिलापकर्ताहरूको संख्या कम हुँदै गईरहेकोले थप मेलमिलापकर्ता उत्पादन गर्नका लागि मेलमिलाप तालिम संचालन गरिनेछ ।

सभाका सदस्य ज्यूहरू,

अन्त्यमा

"शिक्षा, स्वास्थ्य, कृषि, र रोजगार, समृद्ध गढवा गाउँपालिकाको आधार" भन्ने नारालाई साकार पार्नका लागि स्थानीय शासनको माध्यमबाट सर्वसुलभ सहजढंगबाट सेवा प्राप्त गर्ने नागरिकको अधिकार उत्कृष्ट सेवा तथा विकास सम्वन्धी स्थानीय सरकाको दायित्वलाई आत्म साथ गर्दै प्रस्ताव गरिएका नीति तथा कार्यक्रम यो सम्मानीति सभा समक्ष प्रस्तुत गर्दै आगामी बर्ष २०७९/०८० को कार्यक्रमलाई सफल बनाउनको लागि सभासदस्य ज्यूहरू, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, संचारकर्मी, सहित सम्पूर्ण गढवा गाउँपालिकाबासीहरूको रचनात्मक एवं सकृय सहयोगको अपेक्षा सहित सबै प्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

धन्यवाद ! नमस्कार !!

संवत् २०७९ साल असार ९ गते

प्रस्तुतकर्ता

यम नारायण शर्मा पोखेल
अध्यक्ष
गढवा गाउँपालिका
गढवा, देउखुरी ,दाङ ।